एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड

**NLG INSURANCE COMPANY LIMITED**

Shree Bhawan, Panipokhari,
Lazimpat. P.O.Box 20600,
Kathmandu, Nepal
Tel: 4418113, 4442646, 4006502
E-Mail: nlgi@mail.com.np
Fax: 977-1-4416427

## प्रेस विज्ञप्ती

एनएलजी ईन्स्योरेन्स कम्पनी लिमिटेडको विशेष साधारण सभा आज मिति २०७६/०२/१४ गते मंगलबारका दिन रसियन सेन्टर अफ साईन्स एण्ड कल्चर, कमलपोखरी, काठमाण्डौंमा सम्पन्न भयो ।

आ.व. २०७४/७५ को वित्तिय विवरणबाट बोनस वितरण गरि बाँकी रकम मात्र हकप्रद शेयर जारी गरि श्री बीमा समितिबाट निर्धारित समायावधीमा चुक्ता पूँजी पुऱ्याउने योजना रहेता पनि नेपाल लेखामान प्रतिवेदन (NFRS) प्रणाली अनुसार वित्तिय विवरण तयार भई नियमित वार्षिक साधारण सभा समयमा सम्पन्न गर्न केहि समय लाग्ने अवस्था आएकोले सो को विकल्पमा १० शेयर बराबर ६ शेयरको अनुपातमा हकप्रद शेयर जारी गर्न विशेष प्रस्ताव गरिएको व्यहोरा अध्यक्ष श्री बिमल प्रसाद वाग्लेले सभालाई जानकारी गराउनु भयो । सभाले कम्पनीको हालको चुक्ता पूँजी रु.६४,०४,०६,२५०/- (चौसाठी करोड चार लाख छ हजार दुई सय पचास) को ६० प्रतिशत (१० शेयरको ६ शेयरको अनुपातमा) हकप्रद शेयर जारी गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरेको छ ।

समूह "ख" शेयरधनी समायोजन गर्ने सम्बन्धमा आवश्यक प्रकृयाका लागि निर्णय लिन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय समेत गरेको छ ।

NLG INSURANCE Co. LTD. ★ KATHMANDU ★

...........................

मनोज श्रेष्ठ
कम्पनी सचिव
२०७६/०२/१४

## एनएलजी इन्स्योरेन्स कं. लि. को बिशेष साधारण सभाबाट पारित निर्णयहरु :

**प्रस्ताब नं. १ को निर्णय :**

कम्पनीको हालको जारी तथा चूक्ता पूँजी रु. ६४,०४,०६,२५०/- (चौसाठी करोड चार लाख छ हजार दुई सय पचास) बाट बृद्धि गरी रु. १,०२,४६,५०,०००/- (एक अर्ब दुई करोड छयालीस लाख पचास हजार) पुऱ्याउने प्रस्ताव पारीत भएको घोषणा भयो ।

**प्रस्ताब नं. २ को निर्णय :**

कम्पनीको हाल कायम रहेको चूक्ता पूँजी रु. ६४,०४,०६,२५०/- (चौसाठी करोड चार लाख छ हजार दुई सय पचास) को १० शेयर बराबर ६ शेयर (६० प्रतिशत) को अनुपातले हकप्रद शेयर जारी गर्ने सम्बन्धी प्रस्ताव पारित भएको घोषणा भयो ।

**प्रस्ताब नं. ३ को निर्णय :**

हकप्रद शेयर जारी पश्चात कम्पनीको जारी तथा चूक्ता पूंजी बृद्धि भई रु. १,०२,४६,५०,०००/- (एक अर्ब दुई करोड छयालीस लाख पचास हजार) पुग्ने हुँदा सोही अनुसार जारी तथा चूक्ता पूँजी प्रबन्धपत्रको दफा ५ (ख) (ग) (घ) तथा नियमावलीमा नियम ५ (ख) (ग) (घ) मा संशोधन गर्ने प्रस्ताव पारित भएको घोषणा भयो ।

**प्रस्ताब नं. ४ को निर्णय :**

समूह "ख" शेयरधनी समायोजन गर्ने सम्बन्धमा आवश्यक निर्णय लिन संचालक समितिलाई अख्तियारी दिने निर्णय भएको घोषणा भयो ।.सोही अनुसार सो समूहका संचालकहरुको समायोजन तथा प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने अख्तियारी समेत संचालक समितिलाई प्रदान गर्ने निर्णय भएको घोषणा भयो ।

**प्रस्ताब नं. ५ को निर्णय :**

प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित निकायको निर्देशन अनुसार आवश्यक फेरबदल गर्नुपर्ने भएमा सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित भएको घोषणा भयो ।

NLG INSURANCE Co. LTD. KATHMANDU